स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपालमा जन्मिए पनि अभिनेता धीरज मगरको हुकाई र पढाई बेलायतमा भयो । डेब्यू फिल्म 'इन्टु मिन्टु लण्डनमा' पछि भने उनको बसाई नेपालमै छ । युवापुस्तामाझ राम्रो क्रेज बनाएका उनलाई अभिनयसँगै सामाजिक कार्यमा पनि रुचि छ । आफूले सामाजिक कार्य गरिरहेको भए पनि त्यो मिडियामा नदेखाएको उनी बताउँछन् । सामाजिक संस्था ह्यूमन रेक्स्पेक्ट नेपालको उद्घाटन कार्यक्रममा अभिनेत्री उपासना सिंह ठकुरीको साथमा पुगेका थिए ।

आजको विचार...



श्रीमननारायण

नेपालको...
(दुई पेजमा)



पहिलो एक्सन फिल्मको रुपमा एक्ट्रेस पूजा शर्मा यतिबेला 'दान्भी'को छायांकनमा ब्यस्त छिन् । काठमाडौंका विभिन्न थलोमा यतिबेला यो फिल्मको एक्सन र गीतको छायांकन चलिरहेको छ । निर्माताले छायांकन सेटबाट फिल्मको एक महत्वपूर्ण दृश्यलाई सार्वजनिक गरेका छन् जहाँ पूजा एक्सन अवतार र बाइकर गर्लको अवतारमा देखिएकी छन् । जसको जानकारी उनले सामाजिक संजालबाट समेत दिएकी छन् । हार्ले डेभिडसनमा चढेकी बाइकर गर्लको रुपमा उनी प्रस्तुत छिन् । यो दृश्य फिल्ममा पूजाको इन्ट्री दृश्य भएको जनाइएको छ ।

❐ वर्ष २९ ❐ अंक २४४ ❐ २०८० चैत २१ गते बुधबार 3 April 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# दुई जिल्ला जोड्न मोटर गुड्ने पुल बनेपछि स्थानीयलाई सहज

रासस

**ढोरपाटन (बागलुङ),** चैत २०/ दरमखोलामा दुई जिल्ला जोड्ने मोटरेबल पुल निर्माण गरिएको छ । बागलुङको गलकोट नगरपालिका-११ तल्लो रिघा र गुल्मीको मुसिकोट नगरपालिका-९ जौँ खेत जोड्ने गरी मोटर चल्ने पुल निर्माण भएपछि स्थानीयलाई आवतजावतमा सहज भएको छ ।

तम्घास-सिमलटारी सडक आयोजना कार्यालय गुल्मीमार्फत निर्माण भएको उक्त पुलले स्थानीयको दैनिकी नै बदलिदिएको छ । संघीय सरकारले विनियोजन गरेको रु सात करोडमा उक्त पुल निर्माण गरिएको हो । विसं २०७४ असोज २९ मा सम्झौता भएर काम सुरु भए पनि गत वर्ष फागुनमा सकिएको इञ्जिनियर सागर पोखरेलले जानकारी दिएका छन् । निर्माणको जिम्मा पाएको हरिहरि निर्माण सेवा प्रालि विसं २०७५ चैत २८ मा सक्नुपर्ने पुल चार पटक म्याद थप गरेर विसं २०७९ फागुनमा सकेको उनको भनाइ छ । पुल निर्माणका लागि सुरुमा तम्घास-सिमलटारी सडक आयोजनाले सम्झौता गरे पनि मदन भण्डारी राजमार्ग आयोजना कार्यालय तम्घासले सम्पन्न गरेको इञ्जिनियर पोखरेलले बताए । उनले भने, "पुल निर्माण केही ढिलागरी सम्पन्न भएको छ, यो पुलले बागलुङ र गुल्मीलाई जोडेको छ, यो खासगरी केन्द्र सरकार अन्तर्गतको बजेटले निर्माण भएको हो, छ वर्ष अगाडि तम्घास-सिमलटारी सडक आयोजना कार्यालयले सम्झौता गरेको यो पुल कार्यालय खारेज भएपछि मदन भण्डारी राजमार्ग आयोजना कार्यालय तम्घास सञ्चालनमा आएको हुँदा त्यही कार्यालयले निर्माण सम्पन्न गरेर अहिले सडक डिभिजन कार्यालय पाल्पालाई हस्तान्तरण गरेको छ ।"



फाइल फोटो

गलकोट-११ का अध्यक्ष डम्बर श्रीसले पुल नहुँदा बागलुङ र गुल्मीका नागरिकलाई वारपारमा निकै समस्या हुने गरेको जनाउँदै अहिले सहज भएको बताए । हिउँदको समयमा खोलामा पानीको बहाव घट्दा गाडी वारपार गर्नसक्ने तर बर्खाको समयमा बन्द हुने गरेको उनको भनाइ छ । अब बाह्रै महिना दुई जिल्लामा गाडी गुड्नसक्ने अध्यक्ष श्रीस बताउँछन् । "बागलुङको गलकोट गुल्मीसँग जोडिएको छ, जिल्ला फरक भए पनि दूरीका हिसाबले नजिक छ, नजिक भएको हुँदा यहाँका स्थानीय दैनिक आवतजात गर्ने गर्छन्, ठाउँठाउँमा झोलुङ्गे पुल थिएन, मोटरेबल पुल पनि थिएन", अध्यक्ष श्रीसले भन्ने, "पुल नहुँदा पाँच मिनेटमा पुग्ने ठाउँमा एक घण्टा बढी लाग्थ्यो, अहिले पुल बनेपछि गाडी गुड्ने नै भयो, नागरिक पनि पैदल हिँडेर पनि वारपार गर्नसक्ने भएका छन् ।"

मुसिकोटका पूर्वनगर प्रमुख सोमनाथ सापकोटाले गुल्मीलाई मध्यपहाडी लोकमार्गसँग जोड्नका लागि यो पुल निर्माण गरिएको बताए । जौ खेत गाउँ मुसिकोटको सबैभन्दा दुर्गम ठाउँ रहेको हुँदा यस क्षेत्रलाई राष्ट्रिय राजमार्गसँग जोडेर विकास निर्माणलाई थप प्रभावकारी बनाएको उनको भनाइ छ । बर्खाको समयमा गाडी खोला नतर्दा गाउँमा किसानले उत्पादन गरेका तरकारीलाई बजारसम्म पुऱ्याउन गाह्रो हुँदै आएकामा अब सहज हुने सापकोटाले बताए । उनले भने, "विकासका हिसाबले मुसिकोटको ९ नं वडा अलि पछि परेको थियो, यहाँका नागरिकले पनि धेरै पटक दरमखोलामा मोटरेबल पुल चाहियो भनेर माग गरि राख्नु भएको थियो, केन्द्रसँग सहकार्य गरेपछि पुल निर्माण भएको हो, पुल निर्माण भएपछि यहाँका स्थानीय खुसी भएका छन्, पुलले वर्षौंदेखिको समस्यालाई समाधान गरेको छ ।"

## संक्षिप्त समाचार

### लुम्बिनी प्रदेशका मुख्यमन्त्री चौधरीले विश्वासको मत लिँदै

**तुलसीपुर,** चैत २०/लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले यही चैत २२ गते विश्वासको मत लिने भएक छन् । प्रदेश सरकारका प्रवक्ता तथा गृहन्मन्त्री सन्तोषकुमार पाण्डेयका अनुसार बिहीबार अपराह्न ४ बजे विश्वासको मत लिने तयारी छ । त्यसका लागि प्रदेशसभा बैठक आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस पठाएको उनले जानकारी दिए ।

केन्द्रमा सत्ता समीकरण फेरिएसँगै गत फागुन २३ गते नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । लुम्बिनी प्रदेशसभामा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २९, नेपाली कांग्रेसका २७, माओवादी केन्द्रका १० (सभामुख बाहेक), राप्रपा र नागरिक उन्मुक्तिका चार/चारजना सदस्य छन् । राप्रपाका जानकीलाल यादव भ्रष्टाचारको मुद्दा दायर भएपछि निलम्बित छन् । जनता समाजवादी, लोकतान्त्रिक समाजवादी र जनमत पार्टीका तीन/तीनजना प्रदेशसभा सदस्य छन् भने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चाका एक/एकजना प्रदेशसभा सदस्य छन् । साथै एक जना स्वतन्त्र प्रदेशसभा सदस्य छन् । *-रासस*

## उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं

***वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमा :***

- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

*त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं ।*


नेपाल सरकार

**विज्ञापन बोर्ड**

## अमेरिकामा रहेका मदनपोखरावासीले पठाए रेडियोलाई आर्थिक सहयोग

**पाल्पा,** चैत २०/तानसेनको मदनपोखरामा जन्म भई अमेरिका बसोवास गर्दै आएका मदनपोखरावासीहरुले सामुदायिक रेडियो मदनपोरा (सारेम) लाई आर्थिक सहयोग पठाएका छन् । उनीहरुले अमेरिका मदनपोखरा समाजमार्फत २ लाख ९२ हजार २ सय २० रुपैयाँ सारेमलाई पठाएका हुन् ।

समाजले रेडियोको रजत महोत्सवका अवसरमा मदनपोखरावासीहरुले अमेरिकामा मुष्ठिदानमार्फत् संकलित गरेको रकम रेडियोलाई पठाएको रेडियोका पूर्व प्रवन्धक तथा वडा अध्यक्ष राजेशकुमार अर्यालले बताए । समाजले मनिग्राम मार्फत् पठाएको उक्त रकम वडा अध्यक्ष अर्यालले रेडियो सञ्चालक समितिका अध्यक्ष झपेन्द्र जिसी र कार्यकारी निर्देशक गुणाकर अर्याललाई हस्तान्तरण गरे । रकम ग्रहण गर्दै समितिका अध्यक्ष जिसीले अमेरिकामा बसोबास गर्ने मदनपोखरेली दाजुभाइ दिदीबहिनीहरूले जन्मस्थान र रेडियोप्रतिको मायाले रजत महोत्सवका अवसरमा मुष्ठिदानमार्फ्त आर्थिक सहयोग उपलब्ध गराएकोमा सबैलाई आभार र धन्यवाद ज्ञापन गरे । उनले भने, 'तन अमेरिकामा छ, मन नेपालमा छ । यो नै देशप्रतिको माया हो ।' २०५५ सालमा मदनपोखरामा स्थापित रेडियोले २५ वर्ष पूरा गरेको अवसरमा चैत्र २३ गते रजत महोत्सव आयोजना गरेको छ । यो दक्षिण एशियाको पहिलो गाउँले सामुदायिक रेडियो हो । सारेमका कार्यकारी निर्देशक गुणाकर अर्यालले आफू विदेश भएता पनि स्वदेशको रेडियो प्रतिको चासो र चिन्ता लिनेहरू धन्यवादका पात्र रहेको बताए । रेडियोले स्थापनाकालिन समयमा स्वामित्व र सहभागिता विषयक अन्तर्क्रिया गर्ने क्रममा बन्दिपोखराका टुकलाल खातीले रेडियोको दिगोपनका लागि मुष्ठिदान चलाउनुपर्ने सुझाव दिएका थिए । त्यसपछि रेडियोले समुदायबाट मुष्ठिदान र सामुदायिक वन उपभोक्ता समूहबाट दाउरा दान अभियान सञ्चालन गर्दै आइरहेको छ ।




*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## संसदप्रति उत्तरदायी बनौं

नेपालको राजनैतिक वृतमा अहिले व्यापक चर्चाको विषय बनिरहेको सहकारी काण्डले सरकारमा सम्मिलित दलहरुलाई अत्यान्तै गाह्रो बनाएको अवस्था छ । सहकारी प्रकरणकै कारण गृहमन्त्री रवि लामिछाने र उनको पार्टीका नेताहरु समेतको संलग्नताका कारण संसद दुई सातादेखि अवरुद्ध भइरहदा पनि गृहमन्त्रीले आफ्नो संलग्नता नभएका जलिलहरु र ठोस प्रमाण पेश गर्न नसक्दा स्वयं रवि र उनको पार्टीका मन्त्रीहरु नै समस्यामा परेका छन् । सहकारी प्रकरणमा गृहमन्त्री रवि लामिछाने सहित श्रममन्त्री समेत संलग्न भएको भन्ने आधारहरु दिनदिनै आइरहदा संसदका गतिविधीहरु ठप्प जस्तै भएका छन् । सरकार अलमलमा परेको छ । अगामी बजेट र सरकारको नीति तथा कार्यक्रम समेत ओझेलमा पर्ने अवस्था आइपुग्दा पनि सरकारले ठोस कदम नचाल्नु आफैमा अत्यान्तै गैरजिम्मेवारीपन देखिएको छ । प्रमुख प्रतिपक्षले संसदमा उठाएका सवालहरुको सही र तथ्यपरक जवाफ नआएका कारणले सरकार र प्रतिपक्ष बीचको दुरी बढिरहेको देखिन्छ ।

आफैमा रास्वपाका नेताहरु वित्तीय अपचलनबाट बाहिर छैनन्, उनीहरुको छानविनका लागि संसदीय समिति निर्माण गर्नुपर्छ भन्ने नेपाली काँग्रेसको दह्रो मागलाई पुरा गर्ने तर्फ ध्यान नदिएका कारण पनि संसदीय प्रणाली र संसद प्रतिको जवाफदेइता प्रति सर्वत्र चासो बढिरहदा रवि र उनको पार्टीका नेताहरु समेत गैरजिम्मेवार बन्दै जानु आफैमा अलोकतान्त्रिक सोंच देखियो । सत्ताको आडमा गैरकानूनी कामलाई रोक्ने जिम्मेवारीमा स्वयं रवि भएको बेला संसदको माग पुरा नगरी एकलौटी रुपमा अगाडि बढ्नु आफैमा अनैतिक कार्य हो । त्यसकारण संसद र लोकतन्त्र प्रति वफादारिता प्रर्दशन गर्दै संसदीय समिति निर्माण गरी आरोपको सत्यतथ्य छानविनको वातावरण मिलाई अगाडि बढ्नुपर्ने हुन्छ । लोकतन्त्रमा संसदप्रतिको सम्मान भनेकै संसदीय अभ्यासलाई मान्यता दिनु नै हो भन्ने आधारलाई व्यवहारिक बनाउने हो भने तत्काल संसदीय छानविन समिति निर्माण गरी अगाडि बढ्नुको विकल्प छैन ।

### Opinion @ Social Network

मित्र पनि गजबको छ, गुनको बदला खुन माग्छ
खुन दिएर म रित्तिएँ भने उसको गुनको के अर्थ ?
(*कमला न्यौपाने फेसबुक स्टाटस https://www.facebook.com/kamala .Nyaupane*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको ऊर्जा विकासमा भारतको सदासयता



**श्रीमननारायण**

*भारतबाट बिजुली आयात गर्न र नेपालबाट भारतमा बिजुली निर्यात गर्न दुई देशबीच ऊर्जा विकास सम्झौता र ऊर्जा व्यापार सम्झौता हुनु आवश्यक थियो । उपरोक्त दुईवटा सम्झौता भएपछि प्रसारण लाइनको निर्माण भए । यसले गर्दा नेपाल–भारतबीच बिजुलीको खरिद–बिक्री सहज भएको छ । १९ घण्टासम्म लोडसेडिङको दुःखद् परिस्थितिको सामना गरिसकेका हामी अब १९ सेकेण्डका लागि पनि लोडसेडिङ भएको सहन गर्न सकिरहेका छैनौं । भारतबाट व्यापारिक रूपमा चैत्र २०७७ बाट विद्युत आयात सुरु भएको थियो । जबकि कात्तिक २०७८ देखि भने भारतमा विद्युत निर्यात सुरु गरेको हो । भारतले बंगलादेशसित पनि यही मोडेलमा बिजुली खरिद गर्ने स्वीकृति दिएको छ । गएको पुस महिनामा नेपाल–भारतबीच भएको दीर्घकालीन विद्युत् व्यापार सम्झौता अन्तर्गत आगामी १० वर्षमा भारतले नेपालबाट १० हजार मेगावाट विद्युत खरिद गर्ने भएको छ । त्यतिमात्रै होइन नेपालमा उत्पादिन विद्युत बंगलादेशमा निर्यात गर्न भारतले सहजकर्ताको भूमिका पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । विद्युत बेचेर समृद्ध हुने नेपालको सपनालाई पूरा गर्न भारत सहयोगीको भूमिका निर्वाह गर्दैछ । आर्थिक समृद्धिमा नेपालसँग सहकार्य गरी अघि बढ्ने प्रतिबद्धता भारतले दोहोऱ्याउँदै आएको छ ।*

भारतीय विदेशमन्त्री एस- जयशंकरले केही दिनअघि भारतको चर्चित समाचार समूह इण्डिया टुडेको एक कार्यक्रममा बोल्दै भारत, चीन, अमेरिका वा अन्य कुनै पनि देशले पनि नेपालजस्ता देशलाई जानाजान हानी पुऱ्याउने एजेण्डामा काम गर्छन् भन्ने होइन तर हामीले छिमेकीसँग त्यस्तो सहकार्यलाई प्रवर्धन गर्नुपर्छ, जसबाट आफ्नो हितको रक्षा भएको अनुभूति उनीहरूलाई पनि भएको होस् भनेका छन्, दुवै देशको परस्पर हितलाई ध्यानमा राखी अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याएका छन् । संवेदनशीलतामा कमी हुँदा अविश्वास बढ्ने गरेका कारण त्यस दिशामा ठूला देशहरूको ध्यान जानुपर्ने सुझाब दिएका छन् । भारतीय विदेशमन्त्री एस जयशंकर एक कुशल, सुयोग्य एंव परिपक्व कूटनीतिज्ञ त छन् नै सफल राजनेता पनि हुन् । उनको कार्यकालमा भारतको परराष्ट्रनीति विश्वमै चर्चित र प्रशंसनीय रहिआएको छ । गएको पुस महिनामा एस जयशंकरको नेपाल भ्रमणका क्रममा नै नेपाल र भारतबीच दीर्घकालीन विद्युत व्यापार सम्झौता भएको थियो । जसअन्तर्गत आगामी १० वर्षमा भारतले नेपालबाट १० हजार मेगावाट बिजुली खरिद गर्ने भएको छ ।

दक्षिणी छिमेकी भारत अहिले पनि ८ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धि गरिरहेको छ, आउँदा वर्षमा यसले विकासको यस गतिलाई निरन्तरता दिने अथवा दुई अंकको लक्ष्य पनि हासिल गर्न सम्भावना रहेको छ । दुनियाँको कुनै पनि देशको आर्थिक विकासको प्रयास एक खास सीमाभित्र मात्रै सीमित रहन सक्दैन । त्यसको प्रभाव छिमेकी राष्ट्रहरू र विश्वभरि नै फैलिन्छ । कृषि, शिक्षा, स्वास्थ, यातायात, विज्ञान, उद्योग, पर्यटन आदि क्षेत्रमा भारतले तीव्र गतिमा प्रगति गरिरहेको छ । भारतको यस प्रगतिबाट हामी पनि, लाभान्वित हुन सक्छौं । भारतको आर्थिक समृद्धि उसको हितमा मात्रै हुनेछैन । नेपालजस्ता छिमेकी राष्ट्रहरूले पनि यसबाट लाभ उठाउन सक्दछ । भारतको सतत विकासमा यसका नेताहरूको समर्पण, राष्ट्रप्रेम र भिजनबाट मात्रै सम्भव भइरहेको छ । नेपालले भारतबाट धेरै कुरा सिक्न सक्दछ र यसको उपयोग आफ्नो देशको हितमा गर्न सक्दछ, जनताका भलाइका लागि गर्न सक्दछ । दक्षिणी छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१४ मा आफ्नो पहिलो नेपाल भ्रमणमा आउँदा संविधानसभामा सम्बोधन गर्दा भनेका थिए कि हाल भारतले नेपालको अँध्यारोलाई कम गर्नमा मदत गर्नेछ र पछि नेपालबाट भारतले बिजुली खरिद गर्नेछ । यसबाट नेपालले आम्दानी पनि गर्न सक्छ । मोदीको नेपाल भ्रमण सकिएलगतै नेपालबाट लोडसेडिङको अन्त्य हुन थालेको हो । भारतबाट बिजुली आयात गर्न र नेपालबाट भारतमा बिजुली निर्यात गर्न दुई देशबीच ऊर्जा विकास सम्झौता र ऊर्जा व्यापार सम्झौता हुनु आवश्यक थियो । उपरोक्त दुईवटा सम्झौता भएपछि प्रसारण लाइनको निर्माण भए । यसले गर्दा नेपाल-भारतबीच बिजुलीको खरिद-बिक्री सहज भएको छ । १९ घण्टासम्म लोडसेडिङको दुःखद् परिस्थितिको सामना गरिसकेका हामी अब १९ सेकेण्डका लागि पनि लोडसेडिङ भएको सहन गर्न सकिरहेका छैनौं । भारतबाट व्यापारिक रूपमा चैत्र २०७७ बाट विद्युत आयात सुरु भएको थियो । जबकि कात्तिक २०७८ देखि भने भारतमा विद्युत निर्यात सुरु गरेको हो । भारतले बंगलादेशसित पनि यही मोडेलमा बिजुली खरिद गर्ने स्वीकृति दिएको छ । गएको पुस महिनामा नेपाल-भारतबीच भएको दीर्घकालीन विद्युत् व्यापार सम्झौता अन्तर्गत आगामी १० वर्षमा भारतले नेपालबाट १० हजार मेगावाट विद्युत खरिद गर्ने भएको छ । त्यतिमात्रै होइन नेपालमा उत्पादिन विद्युत बंगलादेशमा निर्यात गर्न भारतले सहजकर्ताको भूमिका पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । विद्युत बेचेर समृद्ध हुने नेपालको सपनालाई पूरा गर्न भारत सहयोगीको भूमिका निर्वाह गर्दैछ । आर्थिक समृद्धिमा नेपालसँग सहकार्य गरी अघि बढ्ने प्रतिबद्धता भारतले दोहोऱ्याउँदै आएको छ । भारतसँग हुने गरेका सम्झौताहरूप्रति अनावश्यक आंशका उब्जाउने कामले विकास कार्यलाई प्रभावित गर्न सक्दछ । नेपाल-भारतबीच भएका दीर्घकालीन विद्युत व्यापार सम्झौतालाई कार्यान्वयनमा नल्याउन नेपालका कथित राष्ट्रवादी विज्ञहरू अदालतसम्म पुग्ने गरे । सर्वोच्च अदालतमा मुद्दा नै दर्ता गराए । बाँधिएको हातले काम हुन सक्दैन । विकास कार्यमा पनि अन्यथा देख्नेहरू नेपाललाई टुकी युगमा लैजान चाहन्छन् । एक वर्षका लागि हुने सम्झौता तीन महिनाका लागि मात्रै हुनुको कारण पनि यही अविश्वास, आशंका र नचाहिँदो विरोधका कारण हो । विद्युत आयात अनुमति नवीकरणपश्चात यसवर्ष पनि देशभित्र ऊर्जा लोडसेडिङ नरहने अनुमान गर्न सकिन्छ । एक वर्षका लागि विद्युत् आयात सम्झौता नवीकरण हुँदै आएकोमा यस अवधिमा भारतमा लोकसभाको निर्वाचन हुन गइरहेकाले यसपालि तीन महिनाका लागि मात्रै नवीकरण गरिएको हुन सक्दछ । चुनावपश्चात् यसलाई बाँकी अवधिको निम्ति नवीकरण गरिनेछ । तीन महिनाभन्दा अघि नै नेपालबाट पनि बिजुलीको उत्पादन हुने भएपछि नेपालले नै भारतमा बिजुलीको निर्यात गर्नेछ । हाल भारतले ढल्केबर-मुजफरपुर अन्तरदेशीय प्रसारण लाइनबाट छ सय मेगावाट र टनकपुरबाट ५४ मेगावाट बिजुली ल्याउने अनुमति प्रदान गरेको छ । टनकपुरबाट १६ मेगावाट बिजुली निःशुल्क आयात हुनेगरेको छ । नेपालले तत्काल ६०० मेगावाट बिजुली आयात गर्न नसके नेपालमा १० घण्टासम्म लोडसेडिङ हुने अवस्था आउन सक्थ्यो । भारतको इण्डियन इनर्जी एक्स्चेन्ज लिमिटेड (आइएक्स) को डे-अहेड र रियल टाइम बजारमा प्रतिस्पर्धा गर्दै नेपालले बिजुली खरिद गर्दै आएको छ । यस अनुसार खरिद गर्ने अघिल्लो दिन नै मूल्य र परिमाणसहित 'बिडिङ' हुन्छ ।

यो बजारमा भाग लिन ७८ वैशाखमा नेपालले अनुमति पाएको थियो । पाँच वर्षको अनुमति हरेक वर्ष नवीकरण गर्नुपर्ने शर्त छ । नेपालमा अहिले करिब २ हजार मेगावाट बिजुलीको माग रहेको छ । जसमध्ये आन्तरिम उत्पादन क्षमता १४ सय मेगावाट मात्रै हुने गर्दछ । छ सय मेगावाट अपुग हुने अवस्थामा प्राधिकरणले भारतबाट आयात गरी माग सन्तुलन गर्दै आएको हो । भारतको प्रतिस्पर्धी बजारबाहेक महाकाली सन्धिअन्तर्गत टनकपुर प्रसारण लाइन र नेपाल-भारत विद्युत् आदानप्रदान सम्झौता बमोजिम पनि बिजुली आयात गर्न सकिने सम्झौता छ । महाकाली सन्धिअर्न्तगत टनकपुर प्रसारण लाइनबाट वार्षिक ७ करोड युनिट निःशुल्क बिजुली सुदूरपश्चिममै खपत हुँदै आएको छ । नेपालसित हाल तीन हजार मेगावाट जडित क्षमता भए पनि हिउँदमा आन्तरिक उत्पादन करिब ७ सय मेगावाट मात्रै रहेको छ । उत्पादन र मागबीचको सन्तुनलाई मिलाउन दैनिक करिब ६ सय मेगावाटसम्म बिजुली आयात हुँदै आएको छ । नेपालमा बिजुलीको उत्पादन नदी प्रवाहमा आधारित रहेका कारण हिउँदैमा यो करिब १२ प्रतिशतमा आइपुग्छ । यसले गर्दा अझ बैशाखको अन्तिमसम्म बिजुली भारतबाट आयात गर्नुको विकल्प छैन । खोलामा बहाव बढेसँगै आन्तरिक उत्पादन नै भारतमा निर्यात गर्ने अवस्था आउँदो जेठ मसान्तसम्ममा हामीले बिजुली निर्यात गने अवस्था आउनेछ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रमाइलो यात्राको योग रहेको छ । आफन्तबाट सहयोग प्राप्त हुनेछ । | **तुला** : मिष्ठान्न भोजनको अवसर प्राप्त हुनेछ । प्रेम जीवन पनि सफल रहनेछ । |
| **वृष** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला । अल्छीपना पनि बढ्नेछ । | **वृश्चिक** : अधुरा कामहरू पुरा हुनेछन् । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । |
| **मिथुन** : समाज सेवामा मन लाग्नेछ । साङ्गीतिक क्षेत्रमा रुचि पनि बढ्नेछ । | **धनु** : समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **कर्कट** : अरूको भर नपरी सही निर्णय लिनसके सफलता र अवसर प्राप्त होला। | **मकर** : नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ । |
| **सिंह** : आफन्त र मित्रवर्गको सहयोग पाइने नै छ । टाढाको यात्राको सम्भावना समेत छ। | **कुम्भ** : आँटेको र ताकेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। |
| **कन्या** : तनाव बढेको महशुस हुनेछ। खानपिनमा सजग रहन बढी जरूरी छ । | **मीन** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ । |

मनोरञ्जन

# स्ट्रङ लेडी अर्थात् समीक्षा अधिकारी




कुनै अनपेक्षित घटनाले किशोरवयमै निमोठे कस्तो होला ? त्यो भोग्ने स्वयंलाई बाहेक कसलाई थाहा होला र ! बाहिरी व्यक्तिले गर्ने त कल्पना मात्र न हो । करिअरको उचाइमा पुग्दै गर्दा बाटोमा अवरोध सिर्जना भयो । त्यसको कारण के थियो, त्यो आधिकारिक रूपमै बाहिर आइसक्यो । सरकारी निकायले नै सार्वजनिक गरिसके । दोषी को हो ? अदालतले नै करार गरिसक्यो । तर, अदालती तथ्यप्रमाणलाई विश्वास गर्ने हो भने जे सत्य थिएन, त्यसैका कारण समीक्षा 'अधिकारी'ले बालवयमै गालीको वर्षा सहनुपर्‍यो । सामाजिक सञ्जालमा तथानाम गालीको ओइरो व्यहोरिन्, जब उनी पीडकविरुद्ध उभिइन् । सामाजिक सञ्जाल उनीविरुद्धका गालीले भरिन थाले । चाहे फोटो पोस्ट गरून् वा स्टाटस राखून्, हरकोहीले उनलाई मनपरी गाली गर्न थाले । विभिन्न सञ्चार माध्यमसँगको अन्तर्वार्तामा भनिसकेकी छन्, उनका हरदिन आँसुमा बित्न थाले । नबितून पनि कसरी, माया नै मायाका शब्द पाइरहेको थलो एकाएक गाली र आरोपले भरिन लागेपछि । समयले कोल्टो फेर्‍यो । विस्तारै उनी काममा फर्किन लागिन् ।

सामाजिक सञ्जालमा पनि उनलाई गरिने गाली कम हुन थाल्यो । उसैगरी माया पाउन थालिन् । कमेन्ट बक्स सफलताको शुभकामना र बधाईले भरिन थाले । अनि, उनले टेकिन् बलियो खुट्टा । समीक्षा पुरानै लयमा फर्किइन् । उनी दिनकै स्टुडियोमा गुन्जिन थालिन् । स्टेज कार्यक्रममा गाउन थालिन् । मेला-महोत्सवका सिजनमा हरेक दिनजसो व्यस्त हुन थालिन् । हरेक दिन रेकर्डिङ स्टुडियोमा गीत रेकर्ड गराएका तस्बिर फेसबुकमा सार्वजनिक गर्न थालिन् । उनले एक दिन लेखिन्- आज सातवटा गीतको रेकर्डिङ सम्पन्न । अर्थात्, एकैदिन उनले सात गीत रेकर्ड गराइन् । सातवटासम्म गीत रेकर्ड गराएपछि दिनहुँजसो ती सार्वजनिक हुने नै भए । आफ्नै जीवनसँग मिल्दाजुल्दा गीत पनि पछिल्लो समय उनले गाइरहेकी छन् । 'मेरो काम गीत गाउने हो । मलाई अफर आएका मध्ये राम्रो लागेका गीत गाउँछु । मेरो भोगाइसँग मिल्दोजुल्दो लागेको मात्रै हो । वास्तवमा धेरैले भोग्दै आएका समस्या गीतमा उल्लेख हुन्छन् ।' समीक्षाको जीवन भोगाइलाई हेरेर राजेन्द्र थापाले त गीत नै लेखे, 'यस्तो नहोस् कसैलाई...' आफूले समीक्षालाई हेरेर यो लेखेको गीतकार राजेन्द्रले बताएका थिए । बाह्रखरीसँग राजेन्द्रले भनेका थिए, 'हो, मैले यो गीत समीक्षाकै लागि लेखेको हो । उसैका लागि संगीत गराएको हो । म्युजिक नेपाललाई उसैका लागि रिक्वेस्ट गरेको हुँ ।' जब कोही कलाकार करिअरको पिकमा हुन्छ र अनपेक्षित आरोप वा त्यस्तै कुनै मुद्दाको उल्झनमा पर्छ, त्यसबाट पुन : पहिलाकै अवस्थामा फर्कन कठिन हुन्छ । त्यो विगतले पनि देखाएको छ । कुलतमा फसेर होस् वा पारिवारिक उल्झन वा यौन मामिला परेर, त्यस्ता कलाकार कमै मात्र पुरानै लयमा फर्किएका छन् । तर, समीक्षाले आफूलाई पवेलियनबाट चाँडै मैदानमा फर्काइन् । मैदानमा फर्किइनन् मात्र, सानदार पुनरागमन पनि गरिन् । उस्तै लोकप्रियता हासिल गरिन् । अलिकति अगाडि फर्कदा समीक्षासँग अमिलो अनुभव सँगालिएको छ । गीत रेकर्ड गराइसके पनि गाली खाइन्छ भनेर अर्कैलाई गाउन लगाएको तितो अनुभव उनको सम्झनाको तरेलीबाट ओझेल परेको छैन । आफूले गाएर छोडेको गीत अर्कैको स्वरमा आउँदा उनले मुटु चुँडिएको अनुभूति गरिन् । बलेको आगो ताप्ने समाजको प्रवृत्ति उनले पनि भोगिन् । समीक्षा परिबन्दमा परिन् । समाजले उल्टै उनलाई लखेट्यो । समस्यालाई पार लगाइन्, समाजले पनि उनको हाइ हाइ गर्न थाल्यो । अहिले स्टेज उनकै भएको छ । रेकर्डिङ स्टुडियोमा उनकै पाइला बाक्लिन थालेका छन् । चलचित्रका होस् वा लोकगीत, आधुनिक होस् अथवा दोहोरी समीक्षाको गला मजाले चल्छ । त्यसैले समीक्षा पहिला जति व्यस्त थिइन्, अहिले त्यति नै लोकप्रिय र डिमान्डेड छिन् । कुनै समय समीक्षाले जिन्दगीदेखि नै हरेस खाइसकेकी थिइन् । अनावश्यक आरोप र लाञ्छनाको भारीले दिक्क लागेको उनले 'द प्रकाश सुवेदी शो'मा बताएकी थिइन् । उनै समीक्षाले 'न्युज २४' को 'ई-टक'मा अर्को जिन्दगीमा छोरी भएर जन्मिन नपरोस् भनेर कामना गर्ने गरेको बताएकी थिइन् । कुन रगतपसिनाले घरको तलो थपिन्, तर समाजले उनलाई पीडकबाट अदालतले भराएको १० लाख रुपैयाँ क्षतिपूर्तिले समीक्षाका बाउआमाले घरको तलो थपे भन्ने लाञ्छना लगायो । उनकै शब्दमा - न त्यो क्षतिपूर्ति लिएकी छन् न त उनलाई त्यसको आवश्यकता नै छ । यस्तो आरोप लगाउने समाज देखेकी उनलाई अर्को जुनीमा छोरी भएर जन्मिन नपरोस् भन्ने लागेको हो । समीक्षाकै शब्दमा - उनी औसतमा दैनिक तीन/चार गीत गाउँछिन् । यसरी दिनमा तीनका हिसाबले महिनामा ९० गीत रेकर्ड गराउँछिन् । एउटाको १५ हजार मात्र लिँदा पनि यसै आकर्षक कमाइ हुन्छ । उनी देश-विदेशका मेला-महोत्सवमा पनि जान्छिन् । त्यस्ता कार्यक्रममा कलाकारले ५० हजारदेखि एक लाख ३० हजार रुपैयाँसम्म पारिश्रमिक पाउँछन् । त्यसैले बुझ्दै नबुझ्ने मान्छेका प्रतिक्रिया र आरोपले उनलाई दिक्क बनायो । समाजले उनलाई ठुँगिरह्यो । समीक्षाले सहिरहिन् । सामाजिक सञ्जालमार्फत नै किन नहोस्, आफ्नो आवाज दबाइनन् । बोलिरहिन् । सहँदा सहँदै समीक्षाकै शब्दमा- उनी लडाकु बनिन् । गाउँबाट आएको र आफ्नो ठूलो सपना नरहेको भन्ने उनी पखेटा नै काटिदिन समाज हमेसा कुरेर बसेको बताउँछिन् । गाउँबाट आएको आफ्नो विगत भुलेकी छैनन् । मात्र फणा फिँजाएर उड्न चाहेको बताउँदै समीक्षा भन्छिन् - सपना देख्नु र त्यसलाई भेट्टाउन खोज्नु गल्ती हो र ? 'यो लेख्दै गर्दा गाउँमा ममीले घाँस काट्दै हुनुहुन्छ होला । बिहान-बेलुकीको घरधन्दा, गाईवस्तु र छोराछोरी । मेरो परिवारको धेरै ठूला सपनाहरू थिएनन् । छैनन् पनि । साँघुरो सपनाहरूबाट फैलिन चाहनु मेरो के गल्ती थियो र ? म त पखेटा फिँजाएर उड्न चाहन्थेँ । तर, बतास बनी कतै उडाएर लैजान खोज्ने धेरै भेटिए,' समीक्षाले फेसबुकमा लेखेकी छन्, 'समाजप्रतिको चेतना आएदेखि मलाई यो समाजले तँ नारी होस्, छोरी भन्ने भान पटक-पटक पार्‍यो । धेरैपटक मार्‍यो । तर पनि उठेँ । हिम्मत हारिनँ । हार्ने पनि छैन । आजभोलि त मलाई म लडाकुजस्तै लाग्छ ।' अन्याय जति सह्यो, त्यति नै हेपिनुपर्ने उनले अनुभव गरिन् । त्यसैले अन्यायका विरुद्ध लड्ने तागत सम्पूर्ण महिलामा आफैंबाट आओस् भन्ने उनी कामना गर्छिन् । सुझाव दिन्छिन् । गायिका एलिना चौहान उमेरले समीक्षाकी दिदी हुन् । त्यसैले उनी समकालीन नै भए पनि दिदी भन्छिन् । केही समयअघि पर्वतको एउटा स्टेज कार्यक्रममा साउन्डका विषयमा एलिना विवादमा परिन् । साउन्ड सिस्टम व्यवसायीको संघले एलिनाका कार्यक्रम बहिष्कार गर्ने निर्णय गर्‍यो । अनि, समीक्षाले एलिनालाई 'वी स्ट्रङ एलिना चौहान दि' भन्दै लेखिन् - गल्ती हजार हुन्छन् यहाँ होस हराएको बेला । जस्तोसुकै परिस्थितिमा पनि होस नगुमाई हामी सबै अघि बढ्नुपर्छ । प्राविधिक र कलाकार नङ र मासुजस्तै हौँ । एउटालाई काटे अर्कोलाई दुख्छ । हामी सबै संगीतकर्ममा छौँ । दुवै पक्षले आत्मालोचना गरेर अघि बढ्नु नै महानता हो । घाउमा खाटा त बस्दै छ, निको पनि होला । तर, ठूलो घाउ - खत त बसिरहन्छ नि ' त्यसैले समय बित्दै गए पनि समीक्षालाई विभिन्न घटनाले पीडाबोध हुन्छ । आफ्नो विचार राखिरहन्छिन् । गोरखाकी सालिन पोखरेलको मृत्यु शंकास्पद रहेको भन्दै केही समय समाचार प्रकाशित भए । बलात्कारपछि हत्या गरिएको मृतकका आफन्तले दाबी गरे । घटनाले समीक्षालाई बोल्न बाध्य बनायो । उनी बोलिन्- बलात्कारी पनि समाजमा दुई प्रकारका हुने रहेछन्

१. माया र करुणाको नाटक गर्ने बलात्कारी, जसले जिउँदै त छाड्छन्, तर जीवनभर मार्छन् ।

२. जबरजस्ती गर्ने बलात्कारी, जसले न जिउँदो छाड्छन् न प्रमाण छाड्छन् । यी दुवै फाँसीका लायक छन् । चितवनकी बहिनी सालिन पोखरेल मृत्यु प्रकरणको सत्यतथ्य अविलम्ब सार्वजनिक गर्न सरकारसँग जोडदार माग गर्छु ।

पीडाको आहालबाट पौडिएर बाहिर निस्कँदै स्रोतादर्शकबाट गुमेको साख फर्काएकी समीक्षा लडाकु त हुन् नै, स्ट्रङ लेडी पनि हुन् । उनले हार्न होइन, जित्न मात्र जानेकी छन् । *-बाह्रखरी डटकम*

# 'एक्लो'बाट फिल्ममा डेब्यु गर्दै कविता नेपाली



प्रदीप खड्का स्टारर आगामी फिल्म 'एक्लो'बाट डान्सर कविता नेपालीले फिल्म अभिनयमा डेब्यु गर्ने भएकी छन् । केही दिनअघि निर्मातासँग उनको लिखित सहमति भएको छ । फिल्मको शीर्षमध्येको भूमिकामा उनले अभिनय गर्न लागेको निर्देशक प्रदीप शाहीले जानकारी दिए । नृत्यमा आधारित फ्रेन्चाइज टिभी रियालिटी शो 'बुगी उगी'की विजेता समेत रहेकी कविता पछिल्लो समय नेपाली म्युजिक भिडियोमा व्यस्त छिन् ।

यो फिल्ममा विजय लामा, बेनिशा हमाल, सुनिल थापा, एवनराज उप्रेतीलगायतले पनि अभिनय गर्ने जनाइएको छ । साइन्स फिक्सन जनरामा आधारित रहेर बनाउने भनिएको यो फिल्ममा प्रदीप सुरुमै जोडिएका थिए । भदौदेखि छायांकन सुरु हुने तयारीमा रहेको फिल्म महामारी सिर्जना गर्ने एक भाइरसको कथावस्तुमा बन्न लागेको बताइएको छ ।

पछिल्लो समय चरित्रप्रधान फिल्ममा काम गरिरहेका प्रदीपले अभिनय करिअरमा यो फिल्म उल्लेख्य हुने बताएका छन् । निर्देशक शाहीको पछिल्लो फिल्म 'अन्तिम संस्कार' केही समयअघि रिलिज भएको थियो । शाही प्रोडक्सन ब्यानरमा फिल्म बन्न लागेको हो ।

*-अनलाइन खबर डटकम*

# अनलक्की भनेर चर्चा नगर्दिनुस् : नीति शाह



मोडल नीति शाहले अन्ततः फिल्म अभिनयमा डेब्यु गरेकी छन् । फिल्म 'खजुरे ब्रो'ले उनलाई अभिनयमा डेब्यु गराएको हो । फिल्म आगामी वैशाख २८ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ । 'खजुरे ब्रो' अगाडि उनले केही फिल्म साइन गरेकी थिइन् । तर फिल्म बनेन । उनले साइन गरेको फिल्म बन्न नसकेपछि उनलाई अनलक्की भनेर चर्चा गरियो । सोही दुखेसो उनले आयोजित एक कार्यक्रममा पोखेकी छन् । फिल्म 'खजुरे ब्रो' को एक गीत सार्वजनिक कार्यक्रममा मिडियादेखि सामाजिक सञ्जालसम्म अनलक्की भनेर चर्चा हुँदा निराशर हतोत्साही भएको उनले सुनाइन् ।

निकै भावुक हुँदै कार्यक्रममा बोलेकी नीतिले यस्तो समाचारमा जोड नदिन अनुरोध गरिन् । 'म अलिकति निराश पनि भएकी थिएँ । 'रावायण' पनि फिल्म बनेन । न्युजमा पनि मैले फिल्म साइन गरेँ कि ब्याड लक भन्ने कुरा आयो', उनले भनिन् 'म भावुक भएकी छु, अलिकति हतोत्साही पनि भएकी थिएँ ।' 'पहिलो फिल्म नै रिलिज भएको छैन । तर १० वटा फिल्म साइन गरिन् भनेर लिस्ट आइसक्यो', उनले थपिन्, 'पहिलो फिल्म रिलिज होस् । एक्टिङराम्रो होस् । राम्रो फिडब्याक आओस् । मलाई स्टेप बाई स्टेप जान मन छ ।' मिडियाको समाचारबाट आफूलाई दबाब समेत महशुस भएको उनको भनाइ थियो । नीति २०१७ की नेपाल इन्टरनेसनल हुन् । 'खजुरे ब्रो' फिल्म पहिलो भए पनि उनले मोडलिङर विज्ञापन चलचित्र भने थुप्रै अभिनय गरेकी छन् । 'खजुरे ब्रो' ले फिल्म क्षेत्रमा आफूलाई स्थापित गर्ने उनको विश्वास छ । *-रातोपाटी डटकम*

# बसन्तको 'ज्वाइँ साब'मा जितु नेपाल




दीपक-दीपा समूहबाट अलगिगएपछि अभिनेता जितु नेपालले स्वतन्त्र रुपमा बाहिरी फिल्ममा काम गर्दै आइरहेका छन् । गत वर्ष उनी अभिनीत फिल्म 'ह्यारी कि प्यारी' रिलिज भएको थियो भने चाँडै फिल्म 'कार्साङ'मा काम गर्दैछन् । अब उनको पाइपलाइनमा अर्को फिल्म थपिएको छ । निर्देशक बसन्त निरौलाको आगामी फिल्म 'ज्वाइँ साब'मा उनी मुख्य भूमिकामा अनुबन्ध भएका छन् ।

फिल्ममा उनले ज्वाइँको भूमिकामा अभिनय गर्ने जनाइएको छ । अर्थात् फिल्म नै उनीमाथि केन्द्रित हुनेछ । राज कुमार पण्डितको निर्माण रहने फिल्मले सामाजिक विषयवस्तुलाई कमेडी शैलीमा भन्ने निर्देशक निरौलाले बताए । रेड आई फिल्मसले ओएसआर डिजिटल र मौसम फिल्मससँग सहकार्य गरेर निर्माण गर्न लागेको फिल्मलाई आगामी वर्ष (२०८१)को तिहारमा प्रदर्शन गरिँदैछ । फिल्मको निर्माताहरुमा मिना देवी खड्का, सौगात पण्डित र पदम तामाङ छन् भने विजय बस्याल कार्यकारी निर्माता हुन् । सविन अधिकारीको कथा, शंकर धितालको पटकथा तथा संवाद लेखन रहेको फिल्मको आगामी बैशाख १५ गतेबाट छायांकन सुरु गर्ने तयारी भइरहेको छ । निर्देशक निरौलाले यसअघि आफूले निर्देशन गरेका फिल्मभन्दा 'ज्वाइँ साब' उत्कृष्ट हुने दाबी गरेका छन् ।

*-फिल्मी खबर डटकम*

# रामपुरमा ६७ औं राष्ट्रिय सहकारी दिवसमा अन्तर्क्रिया



**पाल्पा,** चैत २०/रामपुरमा ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सहकारी सम्बन्धी अन्तर्क्रिया तथा सचेतना कार्यक्रम भएको छ । सहकारी दिवसको अवसरमा रामपुर नगरपालिकाको आयोजनामा सहकारीमा सुशासन प्रविधि र एकिकरण भन्ने नाराका साथ ६७ औं राष्ट्रिय सहकारी दिवस मनाएको हो ।

अन्तर्क्रिया कार्यक्रममा बोल्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले पछिल्लो समय सहकारीप्रति जनताको विश्वास कम हुँदै गएकाले सुधार्न आवश्यक रहेको बताए । उनले सहकारी संस्थाहरु सहकारीको मर्म र भावना अनुसार चल्न नसक्दा सहकारीमा विकृति सिर्जना भएको भन्दै यसका लागि सञ्चालक समिति र व्यवस्थापकले ध्यान दिनुपर्ने जानकारी दिए । नगर प्रमुख थापाले नगरपालिका भित्रका सहकारी संस्थाको प्रवर्द्धन र विकासका लागि नगरपालिका प्रतिबद्ध रहेको र एउटै उद्देश्य रहेका सहकारीहरु मर्ज गरेर प्रभावकारी कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको उल्लेख गरे ।

यस्तै रामपुर नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले सहकारी संस्थाको सही व्यवस्थापन र सञ्चालनका लागि सञ्चालक समिति र व्यवस्थापकले ध्यान दिन आग्रह गरिन् । उनले हरेक सहकारीले लगानी गर्दा सही क्षेत्र र व्यक्तीलाई लगानी गर्नुपर्ने बताइन् । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुर्यदर्शन पण्डितले अन्य देशमा सहकारीको माध्यमबाट विकासले फड्को मारे पनि नेपालमा सौचे अनुरुप विकास हुन नसकेको उल्लेख गरे । सहकारी गरिब जनताले अपनत्व ग्रहण गर्ने गरी घर घरमा पुग्न नसक्नु दुर्भाग्य भएको भन्दै उनले सहकारीलाई सबैको पहुँचमा पुऱ्याउन आवश्यक रहेको बताए ।

यस्तै रामपुर नगरपालिकाका प्रवक्ता एवं वडा १ का अध्यक्ष कपिलबहादुर खाँणले संख्यात्मक रुपमा सहकारी बढी भएपनि गुणात्मक रुपमा सुधार्न आवश्यक रहेको बताएका छन् । उनले नगरपालिका भित्रका हरेक सहकारीलाई पुँजीको सही परिचालन गर्न आग्रह समेत गरे । नगरपालिका भित्रका सहकारी संस्थाका सञ्चालक समितितका अध्यक्ष, सचिव र लेखा समितिका संयोजक गरी ७५ जनाको सहभागिता रहेको कार्यक्रममा रामपुर नगरपालिकाका रोजगार शाखा प्रमुख तथा सहकारी शाखाका संयोजक गणेशप्रसाद रेग्मीले सहकारीको इतिहास, नेपालमा सहकारीको वर्तमान अवस्था, सहकारी सचेतना लगायतका विषयमा सहजीकरण गरेका थिए ।

कार्यक्रममा सहभागीले नगरपालिका भित्रका सहकारीको नियमन गर्नुपर्ने, सहकारी संस्थाहरुको विकास र कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गर्नुपर्ने लगायतका माग राखेका थिए । रामपुर नगरपालिका आर्थिक विकास समितिका संयोजक दुर्गादेवी भण्डारी गौतमको अध्यक्षतामा भएको कार्यक्रममा नगर प्रमुख रमणबहादुर थापाको प्रमुख आतिथ्यता, नगर प्रवक्ता एवं वडा १ का अध्यक्ष कपिलबहादुर खाँणको स्वागत र महिला तथा बालबालिका शाखा प्रमुख पुजा परियारको सञ्चालन रहेको थियो ।

## अमेरिकामा रहेका...

...अमेरिका मदनपोखरा समाजका सुन्दर घिमिरेले गाउँमा बस्दा रेडियोलाई मुष्ठिदान दिएको मान्छेले विदेश बस्दा पनि सम्झना भइरहने र रजतमहोत्सवको कार्यक्रम सुनेपछि मन त्यहीं पुगेको बताए । 'अमेरिकामा बस्ने २३ जना मदनपोखराका व्यक्तिले तत्काल रकम पठाएका छौं, अरु साथीहरूले पनि पठाउँदै जानुहुनेछ,' घिमिरेले भने ।

सारेमको चैत्र २२ गते पुनर्मिलन कार्यक्रम र चैत्र २३ गते रजतमहोत्सव समारोहको आयोजना गरेको छ । महोत्सव समारोहमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा प्रमुख अतिथि रहेको कार्यकारी निर्देशक अर्यालले जानकारी दिए । सोही महोत्सवका लागि समाजले आर्थिक रकम संकलन गरी पठाएको हो । रकम पठाउनेहरूमा विष्णु पाठक, शेषकान्त खनाल, नेत्र पाण्डे, डा.गिरीराज घिमिरे, यादव खनाल, डा.सन्दीप पाण्डे, गणेशबहादुर भट्टराई, सुन्दर घिमिरे, गोविन्द घिमिरे, हरि बस्याल, भानुभक्त घिमिरे, खेमराज पाण्डे, बाबुराम देवकोटा, प्रमिना अर्याल, राधा भट्टराई, विनोद रेग्मी, विनोद भण्डारी, गीता जिसी, गोपाल जिसी, सपना पाठक, सुरज घिमिरे, नारायण अर्याल र युवराज खनाल रहेका छन् ।


## सामाजिक सञ्जालको दुरुपयोग बारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधैं लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं ।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


## खेलकुद समाचार

# बेन स्टोक्सले टी-२० विश्वकप नखेल्ने



**काठमाडौं,** चैत २०/इङ्ल्यान्डका स्टार अलराउन्डर बेन स्टोक्सले आगामी आईसीसी टी-२० विश्वकप क्रिकेट नखेल्ने भएका छन् । टी-२० विश्वकप आगामी जुनमा अमेरिका र वेस्ट इन्डिजमा संयुक्त रुपमा आयोजना हुँदैछ । इङ्ल्यान्ड तथा वेल्स क्रिकेट बोर्ड (ईसीबी) ले मंगलबार एक विज्ञप्ति जारी उक्त जानकारी दिएको हो ।

बेन स्टोक्सले व्यक्तिगत कारणले विश्वकप नखेल्ने निर्णय लिएको ईसीबीले जनाएको छ । ३२ वर्षीय बेन स्टोक्स टोलीका सबैभन्दा अनुभवी खेलाडीमा पर्छन् । उनले इङ्ल्यान्डका लागि तीनवटै ढाँचाको प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका छन् ।

उनले देशका लागि ४३ टी-२० अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्दै कुल पाँच सय ८५ रन बनाएका छन् । टी-२० अन्तर्राष्ट्रियमा उनले २६ विकेट पनि लिएका छन् ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा सामान्य अंकले गिरावट



**पाल्पा,** चैत २०/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक एक दशमलव ८५ प्रतिशतले घटेर दुई हजार १० दशमलव २१ को बिन्दुमा कायम भएको हो ।

तीन सय १२ कम्पनीको ६१ लाख ३१ हजार छ सय २१ कित्ता शेयर ४६ हजार दुई सय ३५ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब २९ करोड १६ लाख ४५ हजार पाँच सय ८५ बराबरको कारोबार भएको छ । मंगलबारको कारोबारमा वित्त समूह शून्य दशमलव ०३, लगानी शून्य दशमलव ०४, जीवन बीमा शून्य दशमलव १९, लघुवित्त एक दशमलव ८९, म्युचुअल फन्ड शून्य दशमलव ३० र व्यापार समूह शून्य दशमलव ३२ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव १८, विकास बैंक शून्य दशमलव १६, होटल तथा पर्यटन शून्य दशमलव ५७, जलविद्युत शून्य दशमलव ७९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३३, निर्जीवन बीमा शून्य दशमलव १७ र अन्य समूह शून्य दशमलव ७५ प्रतिशतले घटेको छ । गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने गणपत्ति लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९५ र उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव ६४ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने ज्योति विकास बैंक बण्ड-२०८७ को शेयर मूल्य सात दशमलव ५० प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै गुर्खाज फाइनान्स लिमिटेडको रु १४ करोड ९८ लाख ८४ हजार नौ सय एक बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने प्रभु सेलेक्ट फण्डको तीन लाख २० हजार तीन सय ६४ कित्ता शेयर किनबेच भएको छ ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई